# बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेशीसहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति : २०७७/२/१९ गते)**

बेशीसहर नगर कार्यपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत देहायको कार्यका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो दरभाउपत्र सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले E-Biding मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ । दरभाउपत्र सम्बन्धी जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साईट www.ppmo/egp.gov.np तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np हेर्न सकिने तथा कार्यालय समय भित्र यस नगर कार्यपालिका कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ । कामको विवरण यस प्रकार छ ।

| ठेक्का नं. | कामको विवरण | ठेक्का अंक ( मु.अ.कर समेत) रु. | दरभाउ पत्र फाराम दस्तुर | धरौटी रकम रु | पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| खरिद/१२/०७६/०७७ | सेनेटरी प्याड सप्लाई (BOQ मा उल्लेख भए अनुसारको स्पेशिफिकेशन बमोजिम) | रु . १४९९९९९।९५ | १०००।० | ३७५००।०० | २०७७।३।२गते दिनको १२ वजे सम्म |

**क. शर्तहरु :**

१। पेश भएका दरभाउपत्रहरु मिति २०७७।३।२ दिनको १.० वजे नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

२। दरभाउपत्र पेश गर्दा दरभाउपत्र खरिद बापत नियमानुसार लाग्ने दस्तुर रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक आय खाता नं. ग–३ – ३०४००३०३०००००२ मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीदको पाना, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपि, letter of bid पेश गर्नुपर्ने छ ।

३। ठेक्का लिन चाहने इच्छुक फर्मले धरौटी वापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको चल्ती हिसाव नं. ३०४००३००३०३००००२ ग–३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको ई–कपी वा “क” वर्गको बाणिज्य बैकबाट जारी गरेको कम्तीमा १२० दिन अवधिको (दरभाउपत्र पेश गर्ने अन्तिम दिन देखि) बीडबण्डको कपी पेश गरेको हुनुपर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मिति देखि न्युनतम ४५ दिनको हुनेछ ।

४। दरभाउपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । पेश हुन आएका दरभाउपत्रको मुल्याङ्कन गर्दा पेश भएको मुल्य र सामानको गुणस्तर समेत दुवैलाई ख्याल गरिनेछ ।

५। दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

६। रितपूर्वक दाखिला भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहितको दरभाउपत्र, इ विडिङ्ग बाहेकको दरभाउपत्र स्वीकार्य हुने छैन ।

७। प्रचलित कानुन अनुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित ऐन नियम र दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत